नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तम्घास गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
**noticeboard 1618079520833**
daogulmi.moha.gov.np
facebook.com/daogulmi

## जिल्ला प्रशासन कार्यालय, गुल्मीबाट जारी भएको अत्यन्त जरुरी सूचना।

रुपन्देही, कपिलवस्तु लगायत तराईका अन्य जिल्लाहरुमा किभिड-१९ को संक्रमण समुदाय स्तरमै बढ्दै गइरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तत्काल थप सर्तकता अपनाउन साथै नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गर्ने गराउने सन्दर्भमा जिल्ला संकट व्यवस्थापन केन्द्र, गुल्मीको मिति २०७७।०५।१२ को निर्णयानुसार संक्रामक रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७७।०५।१२ गते राती १२:०० बजेदेखि २०७७।०५।१९ गते राती १२:०० बजेसम्म गुल्मी जिल्लाभर देहायबमोजिम लागु हुनेगरी सुचना गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध गरिएको छ।

**१ .नाका सुरक्षा -:**

यस जिल्ला भित्र आउदा प्रयोग हुने नाका रुरुक्षेत्रको रिडी, रेसुङ्गाको नेटा, मदानेको सौतामारे, मुसिकोटको वामी, कालिगण्डकीको पूर्तिघाट र हर्मीचौरमा २४ सै घण्टा सुरक्षा निकाय परीचालन गरी बाहिर जुनसुकै ठाउबाट आउदा RT-PCR Report नभै प्रवेश नदिईने /RT-PCR Report (Negative) नभए कम्तीमा १० दिन सम्बन्धित पालिकाले तोकेको क्वारेन्टिन (Quarantine) मा अनिवार्य रुपमा बस्नु पर्नेछ। साथै लुकीछिपी आउने र क्वारेन्टिन छोडी भाग्नेलाई कानूनी कार्वाही हुनेछ।

**२ .पसल व्यवसाय -:**

- दुग्ध व्यवसाय विहान ९.०० वजे देखि साझ ६.०० वजे सम्म मात्र खोल्न पाउने।
- मासु,तरकारी, फलफूल पसल विहान ७ वजेदेखि साझ ५ वजे सम्म खोल्न पाउने।
- अन्य पसल, उद्योग, व्यवसाय विहान १० वजे देखि साझ ५ वजे सम्म मात्र खोल्न पाउने।
- होटल चिया पसल /पार्टी प्यालेस/ रेष्टुरेण्टहरु नखोली तयारी वस्तु होम प्याकिङ्ग गरेर टेक वे ( Take way) मात्र गर्न पाउने, अटेर गरी खोलेमा प्रचलित कानुन बमोजिम कारवाही गर्ने।
- सपिङ्ग मल, डिपार्टमेन्ट स्टोर, मनोरञ्जन स्थल, सैलुन, व्युटीपार्लर, स्पा, स्विमीङ पुल, जीम खाना, समुहमा खेलीने खेलकुद, पुस्तकालय, संग्रहालय आदि खोल्न नपाइने अटेर गरी खोलेमा कानुनी कारवाही गर्ने।
- शैक्षिक संस्था, प्रशिक्षण केन्द्र, ट्युशन सेन्टर, भाषा कक्षा, लगायतका जमघट गर्ने गतिविधि संचालन नगर्ने।
- साइकल ठेलागाडामा गरीने खुद्रा व्यापारबाट कोरोना भाइरसको जोखिम वढी हुने भएकोले गर्न नपाउने।
- विभिन्न पसल, उद्योग व्यवसाय, वैक, वितीय संस्था संचालन गर्दा सामाजिक दुरी / भौतिक दुरी कायम गर्ने सावुन पानीले हात धुने, स्यानिटाइजर र मास्क लगाउने व्यवस्था गर्नु पर्ने र सो नगरेको पाइएमा सो पसल व्यवसाय संस्था वन्द गरी पालन नगर्ने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० वमोजिम कार्वाही गर्न जिल्ला प्रहरी कार्यालयलाई जिम्मेवारी दिने।
- औषधी पसल र पेट्रोल पम्प २४ सै घण्टा खुल्ला रहने।
- सरकारी कार्यालय, बैंक वित्तिय संस्थाहरुले ५० प्रतिशत कर्मचारीहरु राखेर कार्य सम्पादन गर्ने।

**३ ढुवानी /सवारी यातायात .**

- सवारी साधन सञ्चालनको लागि पूर्व अनुमति आवश्यक नपर्ने भनी तोकिएका अत्यावश्यकीय वस्तु वा सेवा अन्तरगत पर्ने औषधि, खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, दूध, विद्युत, दूरसञ्चार, सूचना तथा सञ्चार, क्वारेन्टाईन, आइसोलेसन, निर्माण सामाग्री, फोहोरमैला व्यवस्थापन, अस्पताल जाने आउने बिरामी, एम्वुलेन्स, मृत्यु संस्कारका लागि

भरतकुमार शर्मा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
**noticeboard 1618079520833**
daogulmi.moha.gov.np
facebook.com/daogulmi

अनिवार्य रूपमा सहभागी हुनुपर्ने कामका लागि प्रयोग गर्ने सवारी साधन, कृषि कार्य, पशु पालन, दाना ढुवानी अति आवश्यक सेवाका सवारी साधन सञ्चालन गर्ने गाडीमा भौतिक दुरी कायम गर्ने र स्वास्थ्य सुरक्षाका शर्तहरु पालना गर्ने।

- साझँ ८ बजेदेखि विहान ५ बजे सम्म अत्यावश्यक बाहेक अन्य सवारी साधन संचालन नहुने।
- निजी सवारी साधन व्यक्तिको निजी प्रयोजनको लागि भएकोले निजी सवारी साधन (रातो प्लेट) ले यात्रुहरु वुक गरी सवारी भाडा लिएको पाइएमा प्रचलित कानुन वमोजिम कारवाही गर्ने।
- एम्बुलेन्सले विरामी र दुईजना कुरुवा बाहेक अन्य मानिसहरु बोकेको पाइएमा कानून बमोजिम कार्वाही गरिने।
- विरामी, कुरुवा, सुत्केरी, मृत्यु संस्कार, कार्यालयमा हाजिर हुन जानु पर्ने र हर्वाइ उडानवाट विदेश जानेहरुको हकमा पासपोर्ट, भिसा र स्वीकृत हवाई टिकट पेश गरेको अवस्थामा मात्र काठमाडौं जानको लागि daogulmi2046@gmail.com मार्फत निवेदन र कागजात आएमा सहजीकरण गरिने।
- जिल्ला बाहिरबाट निर्माण सामाग्री, खाद्यान,चल्ला, अण्डा, दाना, तरकारी, पेट्रोलियम पदार्थ, पसल तथा व्यावसायिक सामाग्री ढुवानी गर्दा चालक र सहचालकको पी.सी.आर रिपोर्टको आधारमा / सो नभए १० दिन क्वारेन्टिनमा वस्ने गरी अनुमति दिने।
- पशु ढुवानी गर्दा पशु ढुवानीको मापदण्ड पुरा गरेमा मात्र ढुवानी गर्न दिने।
- नियमित चेकअप र औषधी लिन जिल्ला बाहिर जानेहरुको हकमा डाक्टरको प्रेस्कृप्सन अनिवार्य साथमा राख्नु पर्ने।

४ -:अन्य .

- सवै प्रकारका सम्मेलन गोष्ठी, तालिम, सेमिनार, मेला महोत्सव, जात्रा, भेला, जुलुस, जम्मा हुने / भिड भाड हुने जस्ता कार्यहरु नगर्ने।
- अत्यावश्यक काममा मात्र बाहिर निस्कने र निस्कदा आवश्यक कागजात/ परिचय पत्र बोकेर हिडने।
- मृत्यु संस्कारमा जानेहरुलाई सहजीकरण गरिने/ मलामीको हकमा वढीमा २० जना मात्र जाने र मलामीले सामाजिक दुरी, मास्क, स्यानीटाइजरको प्रयोग गर्नुपर्नेछ।
- पूजा आजाको हकमा मन्दिर, मस्जिद, चर्च, गुम्वा, गुरुद्वारामा भेला नहुने घर भित्रै पूजा आजा गर्ने।
- उद्योग कलकारखाना निर्माण लगायत अन्य व्यवसाय संचालनका लागि सकभर अन्यत्रबाट कामदार नल्याउने जिल्ला बाहिरबाट कामदार ल्याउनु पर्ने अवस्था आएमा सम्वन्धीत पालिकाको सिफारीसमा तत्कालको RT-PCR Report (Negative) सहितका कामदार मात्र ल्याउने र निर्माणका कार्य गर्दा स्वास्थ्य तथा सुरक्षा सम्बन्धी शर्त पालना गरेर जुन स्थानमा काम भईरहेको छ सोही स्थानमै खाने, बस्ने क्वारेन्टिनको व्यवस्था गरी मात्र संचालन गर्ने मापदण्ड बमोजिम स्वास्थ्य सुरक्षा पालन गरेको नपाइएमा त्यस्ता कार्य वन्द गर्ने।

- अन्य विषयको हकमा यस अघि नेपाल सरकार बाट जारी भएको निर्देशन तथा जिल्ला प्रशासन कार्यालय, कार्यालय गुल्मीबाट जारी सुचना बमोजिम हुने।
- यस आदेशको उलंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने जोसुकै उपर प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गरी गराई कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझै निरन्तर सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय, गुल्मी सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ।

०७८/१/१२
भरतकुमार शर्मा
प्रमुख जिल्ला अधिकारी